एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

71403

प.सं. /०७८/०७९
च.नं. १०९८

मिति: २०७९।०३।१७

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई मार्ग, सिंहदरवारप्लाजा
काठमाण्डौ ।

**विषय :- वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज कार्य वन्द (Book Close) सम्वन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा यस वैंकको संचालक समितिको मिति २०७९।०३।१७ गते अपरान्ह ५.०० बजे वसेको २७५ औं वैठकवाट निर्णय भए वमोजिम यस वैंकको सोह्रौ वार्षिक साधारण सभा तथा सो प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा देहाय वमोजिम निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**१) साधारण सभा बस्ने मिति, स्थान र समय :**

मिति : २०७९ साल श्रावण ९ गते सोमवार (तदनुसार जुलाई २५, २०२२)
स्थान : सिद्धार्थ होटल, विर्तामोड, झापा
समय : विहान ११:०० वजे ।

**२) छलफलका विषयहरु :**

**सभाको निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट प्रस्तुत हुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।
३. वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियूक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री पि.वि.के.पि. एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् बिनोद फुयाल पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ । )
४. आ.व २०७७/०७८ सम्मको वितरणयोग्य संचित मुनाफाबाट संचालक समितिले सिफारीस गरे बमोजीम ८.५० प्रतिशत बोनस शेयर बापतको कर प्रयोजनको लागि रु ५१,५२,७५४।३१ नगद लाभांश वितरण गर्न स्वीकृति प्रदानगर्ने ।
५. संचालक समितिले संस्थापक शेयरधनी तर्फको रिक्त संचालक पदमा बाँकी अवधिका लागि गरेको नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. संचालक समितिबाट प्रस्तावित हालको चुक्ता पुँजी रु १,१५,१७,९२,१३९।११ को ८.५० प्रतिशतका दरले हुन आउने रु ९,७९,०२,३३१।८२ (अक्षरेपि नौ करोड उनासी लाख दुई हजार तीन सय एकतीस पैसा बयासी मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने र वोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पुँजी वृद्धि गरी रु १,२४,९६,९४,४७०।९३ (अक्षरेपि एक अर्व चौविस करोड छयानव्वे लाख चौरानव्वे हजार चार सय सत्तरी पैसा त्रियानव्वे मात्र) कायम गर्ने र सोही वमोजिम प्रबन्धपत्रका सम्बन्धित दफा संशोधन गर्ने ।
२. संचालक समितिका सदस्यहरुको बैठक भत्ता तथा होटल बास खर्च बृद्धि गर्ने ।
३. कम्पनीका अध्यक्ष तथा सञ्चालकहरुलाई वैंकको काममा सूचना प्रविधिको प्रयोगमा सहजताका लागि सुविधाको ल्यापटप प्रदान गर्ने कार्यविधिका आधारमा एक/एक थान ल्यापटप प्रदान गर्ने ।
४. संचालक समितिको सिफारिस वमोजिम प्रदेश स्तरिय बैंक बनाउनको लागि कार्यक्षेत्र विस्तार गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।
५ .यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) प्रयोजनको लागि पन्ध्रौ वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त वैंक तथा वित्तिय सस्थासंग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्वन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याकनकर्ताको

क्रमशः

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

71404

नियुक्ती गर्ने, निजको पारिश्रमीक निर्धारण गर्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका Merger तथा Acquisition सम्बन्धी आवश्यक सम्पूर्ण कार्य/प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

६. वैंकको कार्यक्षेत्र विस्तार लगायत अन्य आवश्यक विषयका लागि वैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रकिया लगायत अन्य आवश्यक विषयका लागि समेत प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**३) शेयर दाखिल खारेज मिति (Book Close Date):** २०७९ असार २८ गतेदेखि २०७९ श्रावण ९ गतेसम्म ।
नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०७९।०३।२७ गतेसम्म कारोवार भई नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुनुहुन्छ ।

भवदीय,

श्याम बहादुर बोहोरा
कम्पनी सचिव

वोधार्थ :
१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ ।
२) श्री नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपुर ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक, काठमाण्डौं ।
४) श्री एनआईविएल एस क्यापिटल लि.
लाजिम्पाट, काठमाण्डौं ।